# आयोजना अनुगमनको एकीकृत
# अनुगमन प्रतिवेदन

जिल्ला समन्वय समितिको कार्यालय

बागमती प्रदेश, धुन्चे, रसुवा

असार, २०८३

## विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १ | पृष्ठभूमि | १-१ |
| २ | सन्दर्भ | २-२ |
| ३ | अनुगमन सम्पन्न आयोजनाहरु | २-२ |
| ४ | अनुगमनकर्ता | २-३ |
| ५ | उद्देश्य | ३-३ |
| ६ | विधि | ३-३ |
| ७ | देखिएका कमजोरीहरु | ३-४ |
| ८ | सुझावहरु | ४-५ |
| ९ | तस्वीरहरु | ६-१३ |

# जिल्ला समन्वय समितिको कार्यालय
# धुन्चे, रसुवा
# आयोजना अनुगमनको एकीकृत अनुगमन प्रतिवेदन

## (१) पृष्ठभूमिः

नेपालको संविधानको धारा २२० बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्लासभा रहने व्यवस्था छ। जिल्ला सभाको काम, कर्तव्य र अधिकार जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने र प्रदेश कानुनबमोजिमको अन्य कार्यहरु गर्ने हुनेछन।

सोही अनुरुप विकास तथा निर्माण सम्बन्धी कार्यको अनुगमन गर्न जिल्ला समन्वय समितिको कार्यालयमा एक वटा इन्जिनियर र एक वटा सब-इन्जिनियर रहने गरी अनुगमन तथा मूल्याङ्कन शाखाको समेत व्यवस्था गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ बमोजिम विकास निर्माणसम्बन्धी जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने, जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथ आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने, जिल्लाभित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने जस्ता कार्यको व्यवस्था गरिएको छ।

अर्को तर्फ, रसुवा जिल्लालाई विद्युतीय हवको रुपमा लिने गरिन्छ। चिलिमे जलविद्युत आयोजना निर्माण पश्चात यस जिल्लामा विद्युत उत्पादनको ढोका खुलेकोमा हालसम्म २५ भन्दा बढी जलविद्युत आयोजनाले विद्युत उत्पादन गरिरहेका छन्। रोजगारी सिर्जना र पूर्वाधार विकासमा यिनले महत्वपूर्ण योगदान दिइरहेको सन्दर्भमा यी जलविद्युत आयोजनाको पनि अनुगमन/निरिक्षण गर्नुपर्ने देखिन्छ।

## (२) सन्दर्भ:

नेपाल सरकारले जिल्ला स्थित निकायहरुबाट सञ्चालन हुने विकास निर्माण एवम् अन्य आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न जिल्ला समन्वय समितिको कार्यालय, रसुवालाई अनुगमन मल्याङ्कन तथा भ्रमण खर्च शिर्षकमा बजेट बिनियोजन गरेको छ। त्यस्तै सोही कार्यलाई निरन्तरता दिन बागमती प्रदेश सरकारले समेत प्रदेश तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन खर्च शिर्षकमा बजेट बिनियोजन गरेको छ। अवलोकन पश्चात् प्राप्त तथ्यहरूका आधारमा तयार गरिएको यस प्रतिवेदनले विकास आयोजनालाई अझ दिगो, प्रभावकारी, पारदर्शी र जनमुखी बनाउनेतर्फ आवश्यक सुधारका सुझावहरू प्रस्तुत गरेको छ।

## (३) अनुगमन सम्पन्न आयोजनाहरु:

जिल्ला समन्वय समितिका पदाधिकारीहरू तथा कार्यालयका कर्मचारीहरू, सम्बन्धित आयोजनाका प्राविधिक कर्मचारीहरू एवं निर्माण व्यवसायीहरू एवम् सरोकारवालाहरुको सहभागितामा रसुवा जिल्लास्थित देहायबमोजिमका विभिन्न सडक, पुल निर्माण तथा जलविद्युत आयोजनाहरूको स्थलगत अनुगमन सम्पन्न गरियो।

- धारापानी रुप्सेपानी भदौरे जिबजिबे ग्रामिण सडकको धोविखोलामा नयाँ पुल निर्माण, रसुवा।
- धारापानी रुप्सेपानी जिबजिबे ज्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिका, रसुवा।
- बनुवाघुम्ती कर्मीडाडा मनिगाउँ चिउरीबोट सडक स्तरोन्नति, उत्तरगया गाउँपालिका, रसुवा
- जिरो किलो अम्बास भोर्ले पान्च्याङ सडक बाँकी खण्ड, नौकुण्ड गाउँपालिका, रसुवा।
- Road Improvement Works from Betrawati-Mulkharka-Thade to Dhunche Road
- Upgradation of Road Goljung Gaun Baun Dada Sadak, Aamachodingmo -4, Rasuwa.
- Syafrubesi Dekhi Baun Dada Samma Sadak Kalopatre, Gosaikunda – 5, Rasuwa.
- Upgrading of Road Timure Dhindinling Sadak , Gosaikunda -2 , Rasuwa
- रसुवागढी जलविद्युत आयोजना

## (४) अनुगमनकर्ता:

जिल्ला स्थित विभिन्न सरकारी निकायहरुबाट सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको अनुगमन गर्ने उद्देश्यले देहाय बमोजिमको टोलीद्वारा स्थल निरीक्षण, सरोकारवालासँगको परामर्श, प्राविधिक मूल्यांकन तथा आवश्यक कागजात अध्ययनसमेतको माध्यमबाट अनुगमन कार्य सम्पन्न गरिएको छ

- जिल्ला समन्वय समिति, रसुवाबाट पदाधिकारीहरु
- जिल्ला समन्वय समितिको कार्यालय, रसुवाबाट अप्राविधिक तथा प्राविधिक कर्मचारीहरु
- पूर्वधार विकास कार्यालय, रसुवा

- सडक डिभिजन, नुवाकोट
- रसुवागढी जलविद्युत कम्पनी लिमिटेड, टिमुरे
- निर्माण व्यवसायी र निर्माण कम्पनीका कर्मचारी तथा कामदारहरु

## (५) उद्देश्य:

रसुवा जिल्लामा सञ्चालनमा रहेका सडक, पुल तथा जलविद्युत आयोजनाहरूको निर्माण प्रगति, गुणस्तर र कार्यसम्पादनको स्थलगत अनुगमन गरी आयोजनाहरू प्रचलित मापदण्ड, स्वीकृत डिजाइन तथा सम्झौताअनुरूप सञ्चालन भए/नभएको मूल्याङ्कन गर्ने, कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा अवरोधहरूको पहिचान गर्ने, सम्बन्धित प्राविधिक कर्मचारी तथा निर्माण व्यवसायीसँग आवश्यक छलफल गरी समाधानका उपायहरू खोज्ने तथा आयोजनाहरू समयमै, गुणस्तरीय र प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक सुझाव तथा सिफारिस प्रदान गर्ने उद्देश्यले अनुगमन सम्पन्न गरिएको हो।

## (६) विधि:

अनुगमन कार्यलाई प्रभावकारी, वस्तुनिष्ठ तथा तथ्यपरक बनाउन देहायबमोजिमका विधिहरू अवलम्बन गरिएको थियो

- जिल्ला समन्वय समितिका पदाधिकारीहरू तथा कार्यालयका कर्मचारीहरूको सहभागितामा सम्बन्धित आयोजना स्थलहरूको स्थलगत अनुगमन तथा अवलोकन गरिएको।
- सम्बन्धित कार्यालयका प्राविधिक कर्मचारी, निर्माण व्यवसायी तथा आवश्यकताअनुसार अन्य सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको।
- आयोजनाको भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरिएको।
- निर्माण कार्यको गुणस्तर, प्रचलित मापदण्ड तथा सम्झौताअनुसार कार्य भए/नभएको मूल्याङ्कन गरिएको।
- अनुगमनका लागि सर्वप्रथम अनुगमन फारम तयार गरी आयोजना कार्यालयहरूलाई भर्न लगाइएको।
- कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा अवरोधहरूको पहिचान गरी आवश्यक जानकारी संकलन गरिएको।
- स्थलगत अवलोकन, प्राप्त विवरण तथा सम्बन्धित कागजातहरूको अध्ययनका आधारमा आयोजनाको समग्र अवस्थाको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको।

## (७) देखिएका कमजोरीहरु:

अनुगमनका क्रममा आयोजनाहरूको स्थलगत अवलोकन, सम्बन्धित प्राविधिक कर्मचारी तथा निर्माण व्यवसायीसँग गरिएको छलफल एवं प्राप्त जानकारीका आधारमा देहायबमोजिमका प्रमुख कमजोरी तथा चुनौतीहरू देखिएका छन्:

- कार्यस्थलमा निर्माण कार्यमा संलग्न ज्यामी तथा श्रमिकहरूले आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (Personal Protective Equipment – PPE) को पूर्ण रूपमा प्रयोग नगरेको पाइएको।
- सडक निर्माण कार्य सञ्चालन भइरहेका बेला निरन्तर सवारीसाधनको आवतजावत भइरहँदा निर्माण कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ भएको तथा कार्य प्रगतिमा समेत असर परेको।
- स्थानीय कामदार भन्दा अन्य जिल्लाका कामदारबाट काम गराउनु पर्ने बाध्यता।
- सडक विस्तार कार्यको केही भाग लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकाले सडक मापदण्डअनुसार साना रुख तथा बुट्यान हटाउनुपर्ने अवस्था रहेको छ। यस सम्बन्धमा लाङटाङ राष्ट्रिय निकुञ्ज र आयोजना कार्यान्वयन गर्ने निकायबीच आवश्यक कानुनी तथा प्रशासनिक समन्वयको अभावका कारण आयोजना निर्धारित समयभित्र सम्पन्न गर्न चुनौती उत्पन्न भएको देखिएको।
- निर्माण व्यवसायीको तर्फबाट आयोजनामा तोकिएको जिम्मेवार इन्जिनियरको व्यवस्था नगरिएको/इन्जिनियर खटाइएको नदेखिएकाले प्राविधिक समन्वय, गुणस्तर नियन्त्रण तथा निर्माण व्यवस्थापनमा समस्या देखिएको।
- अत्यधिक वर्षा हुने समयमा आयोजनास्थलका विभिन्न स्थानमा पहिरो जाने समस्या देखिने भएकाले निर्माण कार्यको निरन्तरता, यातायात सञ्चालन तथा आयोजनाको समयमै सम्पन्नतामा प्रतिकूल प्रभाव पर्ने अवस्था रहेको।

## (७) सुझावहरु:


अनुगमनका क्रममा देखिएका अवस्था, पहिचान भएका समस्या तथा चुनौतीहरूको आधारमा आयोजनाहरूको प्रभावकारी कार्यान्वयन, गुणस्तर अभिवृद्धि तथा समयमै सम्पन्नता सुनिश्चित गर्न देहायबमोजिमका सुझावहरू प्रस्तुत गरिन्छः


- निर्माण व्यवसायीले कार्यस्थलमा संलग्न सबै श्रमिकलाई आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलब्ध गराई यसको अनिवार्य प्रयोग सुनिश्चित गर्नुपर्ने तथा नियमित रूपमा सुरक्षा सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्नुपर्ने।
- निर्माण कार्यलाई सहज, सुरक्षित तथा प्रभावकारी बनाउन स्थानीय प्रशासन, ट्राफिक प्रहरी तथा सम्बन्धित निकायसँग समन्वय गरी उपयुक्त ट्राफिक व्यवस्थापन योजना लागू गर्नुपर्ने।
- लाङटाङ राष्ट्रिय निकुञ्ज, आयोजना कार्यान्वयन गर्ने निकाय तथा अन्य सम्बन्धित सरोकारवालाबीच आवश्यक कानुनी तथा प्रशासनिक समन्वयलाई प्रभावकारी बनाई आवश्यक स्वीकृति तथा प्रक्रिया समयमै सम्पन्न गर्नुपर्ने।


- निर्माण व्यवसायीले सम्झौताअनुसार योग्य तथा जिम्मेवार साइट इन्जिनियर अनिवार्य रूपमा खटाई निर्माण कार्यको नियमित प्राविधिक सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण सुनिश्चित गर्नुपर्ने।
- वर्षायाममा हुन सक्ने पहिरोको जोखिमलाई न्यूनीकरण गर्न जोखिमयुक्त स्थानहरूमा आवश्यक संरक्षणका संरचना निर्माण, प्रभावकारी पानी निकासको व्यवस्था तथा नियमित अनुगमन गरी पूर्वतयारीका कार्यहरू समयमै सम्पन्न गर्नुपर्ने।
- सडक सुरक्षाका लागि Barrier को व्यवस्था निर्माणका क्रममै राख्नुपर्ने।

## (८) तस्बीरहरु:












धारापानी रुप्सेपानी भदौर जिबजिबे ग्रामिण सडकको धोविखोलामा नयाँ पुल निर्माण, रसुवा












धारापानी_रुप्सेपानी जिबजिबे ज्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिका, रसुवा














बनुवाघुम्ती कर्मीडाडा मनिगाउँ चिउरीबोट सडक स्तरोन्नति, कालिका, रसुवा












जिरो किलो अम्बास भोर्ले पाऱ्च्याङ सडक बाकि खण्ड, नौकुण्ड गाउँपालिका, रसुवा




Road Improvement Works from Betrawati-Mulkharka-Thade to Dhunche Road













Upgradation of Road Goljung Gaun Baun Dada Sadak, Aamachodimgmo, Rasuwa





Syafrubesi Dekhi Baun Dada Samma Sadak Kalopatre, Gosaikunda – 5, Rasuwa.





Upgrading of Road Timure Dhindinling Sadak , Gosaikunda -2 , Rasuwa

